# लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक ७, २०७४ चैत्र (Year 1, Issue 7, Mar/Apr. 2018)


## महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन प्रस्तुत




सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष ५५ औं वाषिक प्रतिवेदन पेस गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)

२९ चैत्र, २०७४

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार लेखापरीक्षण सम्पन्न गरी धारा २९४ अनुसार महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन, २०७४ पेश गर्नुभयो ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले लामो समयदेखि वृद्धि हुँदै आएको सरकारी खर्चको बेरुजु प्रति समाजको गहन चासो र सरोकार रहँदै आएको उल्लेख गर्दै यसप्रति सम्बन्धित निकायका पदाधिकारीलाई सचेत गराउँदै जवाफदेही बनाउन आवश्यक भएको बताउनुभयो । साथै, प्रतिवेदनमा उठाइएका विषयलाई संघीय संसद र नेपाल सरकारले गम्भीरतापूर्वक लिई कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा माननीय महालेखापरीक्षक शर्माले प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराहरु बारे सम्माननीय राष्ट्रपतिज्यूलाई अवगत गराउनुका साथै प्रतिवेदनको सुझाव कार्यान्वयन सम्बन्धमा जोड दिनुभएको थियो ।

प्रतिवेदनमा सरकारी कार्यालय, सार्वजनिक संस्थान, स्थानीय तह लगायतका निकायको आर्थिक वर्ष २०७३/७४ एवं वक्यौता समेतको लेखापरीक्षण र बेरुजूको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरु र सुधारका क्षेत्र सम्बन्धमा समालोचना एवं सुझावहरु समावेश गरिएको छ । उक्त प्रतिवेदन र सोको सारांश कार्यालयको वेभ साइट www.oagnep.gov.np मा राखिएको छ ।

### यस भित्र ........


| क्र.सं | विषय | पेज नं |
|---|---|---|
| १ | महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदनबाट साभार गरिएका प्रमुख तथ्याङ्क | ४ |
| २ | नेपालको सन्दर्भमा सार्वजनिक जवाफदेहिताको स्थिति | ७ |
| ३ | इन्टरनेशनल इन्टिग्रिटी सेमिनारमा सहभागी | ८ |
| ४ | नर्वेको महालेखापरीक्षकको कार्यालय | ९ |
| ५ | नर्वेको महालेखापरीक्षकको कार्यालयको निमन्त्रणामा नर्वे भ्रमण | १० |
| ६ | कार्यमूलक लेखापरीक्षण तालिममा सहभागिता | १२ |

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री इश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य
श्री महेश पौड्याल
श्री श्यामप्रसाद भण्डारी
श्री दिपक आचार्य
श्री शंकरबाबु आचार्य
श्री नीलम साह

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np
नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

## सम्पादकीय ..........

महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष २०७४।१२।२९ मा पेश भएको छ । वर्तमान महालेखापरीक्षकको यो पहिलो प्रतिवेदन हो । यस प्रतिवेदनले विगतको असल अभ्यास र प्रचलनलाई निरन्तरता दिदैं लेखाउत्तरदायी अधिकृतलाई जवाफदेही बनाउन ध्यान केन्द्रीत गर्न जोड दिएको छ। प्रतिवेदन मार्फत् सार्वजनिक निकायमा वित्तीय अनुशासन कायम गरी सेवा प्रवाहमा सुधार गर्ने कार्यमा उच्च प्रशासनिक नेतृत्वलाई जिम्मेवार बनाउने प्रयास गरिएको छ । प्रतिवेदनमा सार्वजनिक वित्तीय व्यवहारका अतिरिक्त सरकारी निकायबाट प्रवाह भईरहेको सेवाको समेत मूल्यांकन र विश्लेषण गरिएको छ ।

मुलुकमा वित्तीय अनुशासन कायम गर्दै सेवा प्रवाहमा सुधार गरी मितव्ययी र प्रभावकारी बनाउन सहयोग गर्ने उद्देश्यले यस प्रतिवेदनमा बजेट तथा खर्च व्यवस्थापन, विकास निर्माण तथा आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, राजस्व चुहावट नियन्त्रण, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, संगठनात्मक व्यवस्था र सेवा प्रवाह, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण, स्थानीय तहको वित्तीय व्यवस्थापन, जिम्मेवारिता र जवाफदेहिता, सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुन, अन्तिम लेखापरीक्षणको सवलीकरण, संगठित संस्था तथा समितिहरुको लेखापरीक्षण, सूचना प्रवाह एवं समन्वय, सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन लगायतका विषयमा आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रलाई समेत विस्तृत रुपमा औंल्याइएको छ ।

हाम्रो सन्दर्भमा प्रतिवेदन कार्यान्वयनको अवस्था गत विगत देखि नै उत्साहप्रद रहने गरेको छैन । लेखापरीक्षण प्रतिवेदनको महत्व तब रहन्छ जब यसको कार्यान्वयनबाट

क्रमशः पेज ११ मा

## माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधान अनुसार संघ, प्रदेश, स्थानीय तहका सबै सरकारी कार्यालय र संघ वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकमा मेरो नियुक्ति भएको करिब ११ महिनाभित्र २०७३/७४ को नियमित र यस भन्दा अघिका लेखापरीक्षण गर्न बाँकी समेत यो वर्ष ६ हजार ६ सय १६ निकायको आर्थिक कारोबारको परीक्षण पश्चात् देखिएका व्यहोरा समावेश गरी सुझावसहितको ५५ औं वार्षिक प्रतिवेदन तयार गरेको छु। यस प्रतिवेदनमा विगतमा अवलम्वन गरेका अभ्यास र अन्तर्राष्ट्रिय प्रचलन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) द्वारा प्रतिपादित मानदण्डसमेतको अनुशरण गरिएको छ ।

लेखापरीक्षणका क्रममा ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सरकारी सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, वैदेशिक सहायता परिचालन, राजस्व असूली, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, पुनःनिर्माण तथा पुनःस्थापना, प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाको संरक्षण, सेवा प्रवाह लगायतका विषयमा कमी-कमजोरी देखिएका छन् । प्रतिवेदनमा लेखापरीक्षणका क्रममा देखिएका उल्लिखित कमी-कमजोरीका अलावा सार्वजनिक प्रशासन, वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन तथा सेवा प्रवाहमा सुधारका सम्बन्धमा सुझावहरु प्रस्तुत गरिएको छ । यी सुझावहरुको कार्यान्वयनबाट सार्वजनिक प्रशासनमा आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधानअनुसार मुलुक संघीयतामा रुपान्तरण भएपश्चात् संघ, प्रदेश र स्थानीय तहमा जननिर्वाचित सरकार गठन भइसकेका छन् । अब

क्रमशः पेज ११ मा

# महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदनसँग सम्बन्धीत तस्वीरहरू



सम्मानीय राष्ट्रपतिज्यू समक्ष ५५ औं बार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरु प्रस्तुत गर्दै माननीय महालेखापरीक्षक



सम्मानीय राष्ट्रपतिज्यूसँग ५५ औं बार्षिक प्रतिवेदन पेश गरे पश्चात्को सामुहिक तस्वीर



सम्मानीय राष्ट्रपतिज्यू समक्ष बार्षिक प्रतिवेदन पेश गरे पश्चात् आयोजित पत्रकार सम्मेलन

# महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदनबाट साभार गरिएका प्रमुख तथ्याङ्क

| | विवरण | संख्या |
|---|---|---|
| १ | **लेखापरीक्षण सम्पन्न निकाय संख्या** | **जम्मा १० हजार ११** |
| | सरकारी, सार्वजनिक प्रतिष्ठान, र स्थानीय तह | ६६१६ |
| | साविकका स्थानीय निकाय | ३३७४ |
| | लेखापरीक्षक नियुक्तिको परामर्श दिएका संगठित संस्था | २१ |

| | | | |
|---|---|---|---|
| २ | **आर्थिक वर्ष २०७३/७४ मा सरकारी कार्यालयतर्फ बेरुजुको विवरण** | | |
| | **विवरण** | **दफा संख्या** | **बेरुजु रकम** |
| | प्रारम्भिक बेरुजु | ४५६६४ | रु.१ खर्ब ५ अर्ब २० करोड |
| | प्रतिकृयाबाट फछ्र्यौट | १५४५ | रु.१० अर्ब ३९ करोड |
| | बाँकी | ४४११९ | रु.९४ अर्ब ८२ करोड |
| | असुल उपर गर्ने | १७६०९ | रु.१७ अर्ब २६ करोड |
| | सैद्धान्तिक र नियमित गर्ने | २६५१० | रु.७७ अर्ब ५६ करोड |

| | | |
|---|---|---|
| ३ | **लेखापरीक्षण भएको अंक :** | **रु.४६ खर्व ८७ अर्ब ९१ करोड** |
| | सरकारी नियमित तर्फ | रु.१७ खर्व ५२ अर्ब ९३ करोड |
| | सरकारी बक्यौता तर्फ | रु.१ अर्ब ९३ करोड |
| | स्थानीय तह ७४४ मध्ये ७३८ | रु.१ खर्ब ८० अर्ब ३१ करोड |
| | जिल्ला समन्वय समिति ७५ | रु.२ खर्ब १४ अर्ब २२ करोड |
| | संगठित संस्था ८५ | रु.२४ खर्ब १ अर्ब ६४ करोड |
| | समिति तथा अन्य संस्था ८९७ तर्फ | रु.१ खर्ब ३८ अर्ब ८१ करोड |
| | नोट: माथि उल्लेखित बाहेक परामर्श दिइएका २१ संस्थाको लेखापरीक्षण अंक : रु.५ खर्ब १९ अर्ब | |

| | | |
|---|---|---|
| ४ | **आर्थिक बर्ष २०७३।७४ को बेरुजु** | **रु.१ खर्ब २० अर्ब ९१ करोड** |
| | सरकारी कार्यालय तर्फ | रु.९४ अर्ब ८२ करोड (लेखापरीक्षण अंकको ५.४१ %) |
| | स्थानीय तह तर्फ | रु.१४ अर्ब २५ करोड (लेखापरीक्षण अंकको ७.९० %) |
| | समिति तथा अन्य संस्था तर्फ | रु.११ अर्ब ८५ करोड |

| | | |
|---|---|---|
| ५ | **आर्थिक बर्ष २०७३।७४ को बेरुजु वर्गीकरण** | **रु.१ खर्ब २० अर्ब ९१ करोड मध्ये** |
| | असुल गर्नुपर्ने | रु.१८ अर्ब ७१ करोड (१५.४७%) |
| | नियमित गर्नुपर्ने | रु.४८ अर्ब ७२ करोड (४०.२९%) |
| | पेश्की बाँकी | रु.५३ अर्ब ४८ करोड (४४.२४%) |

| | | |
|---|---|---|
| ६ | **बेरुजु फछ्र्यौट विवरण - (आ.व. २०७३/७४ प्रतिवेदन अवधि सम्म)** | **रु.७७ अर्ब ११ करोड** |
| | साविकको फछ्र्यौट तथा सम्परीक्षण | रु.५२ अर्ब ९२ करोड |
| | लेखापरीक्षणको क्रममा अवधिमा असुली | रु.१४ अर्ब ९ करोड |
| | प्रारम्भिक प्रतिवेदन उपरको प्रतिकृयाबाट फछ्र्यौट | रु.१० अर्ब ३९ करोड |

| | | |
|---|---|---|
| ७ | **आर्थिक बर्ष २०७३।७४ सम्मको कारबाही गरी टुङ्गो लगाउनु पर्ने बेरुजू** | **रु.५ खर्ब ८ करोड** |
| | सरकारी कार्यालय | रु.२ खर्ब १३ अर्ब ६७ करोड |
| | जिल्ला समन्वय समिति/अन्य संस्था | रु.६२ अर्ब ६१ करोड |
| | स्थानीय तह | रु.१४अर्ब २५ करोड |
| | लेखापरीक्षण बक्यौता | रु.३ अर्ब ३८ करोड |
| | राजस्व बक्यौता | रु. १ खर्ब ६१ अर्ब १६ करोड |
| | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | रु.२० अर्ब ५८ करोड |
| | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | रु.२२ अर्ब ३८ करोड |
| | जमानत बसी दिएको ऋण | रु.२ अर्ब ५ करोड |

| | | | | |
|---|---|---|---|---|
| ८ | **सरकारी तर्फ ५३ औं, ५४ औं र ५५ औं प्रतिवेदन अनुसार असूल भएको रकमको तुलनात्मक विवरण** | | | |
| | **विवरण** | **५३ औं** | **५४ औं** | **५५ औं** |
| | लेखापरीक्षणको क्रममा | रु.८ करोड ९७ लाख | रु.९ करोड ७६ लाख | रु. २८ करोड ३४ लाख |
| | प्रारम्भिक प्रतिवेदन पठाए पश्चात् | रु.१७ करोड १५ लाख | रु.२ करोड ३३ लाख | रु. २५ करोड २२ लाख |
| | **जम्मा** | **रु.२६ करोड १२ लाख** | **रु.१२ करोड ९ लाख** | **रु.५३ करोड ५६ लाख** |
| | नोटः माथिको अंकमा सम्परीक्षणबाट असूल भएको रकम समावेश गरिएको छैन । | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | **सरकारी तर्फ ५३ औं, ५४ औं र ५५ औं प्रतिवेदनमा बीचको तुलनात्मक विवरण (प्रतिशतमा)** | | | |
| | **विवरण** | **५३ औं** | **५४ औं** | **५५ औं** |
| | असुल गर्नुपर्ने | ८.६० | ४२.४८* | १५.४७ |
| | नियमित गर्नुपर्ने | ४५.२६ | ३१.२८ | ४०.२९ |
| | पेश्की बाँकी | ४६.१४ | २६.२४ | ४४.२४ |
| | नोटः *गतवर्षको ५४ औं प्रतिवेदनमा एनसेलको करिब रु.३३ अर्बको एक कलम रकमको कारण असूल गर्नुपर्ने बेरुजु बढी देखिएको थियो । | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | **विगत तीन बर्षको प्रतिवेदन अनुसार बजेट र खर्चको स्थिति** | | | |
| | **प्रतिवेदन** | **बजेट अनुमान** | **बजेट खर्च** | **खर्च प्रतिशत** |
| | ५३ औं (आ.ब.२०७१/७२) | रु.६ खर्ब १८ अर्ब १० करोड | रु.५ खर्ब ३१ अर्ब ५६ करोड | ८६% |
| | ५४ औं (आ.ब.२०७२/७३) | रु.८ खर्ब १९ अर्ब ४७ करोड | रु.६ खर्ब १ अर्ब १ करोड | ७३.३४% |
| | ५५ औं (आ.ब.२०७३/७४) | रु.१० खर्ब ४८ अर्ब ९२ करोड | रु.८ खर्ब ३७ अर्ब २५ करोड | ७९.८२% |

| | | | | |
|---|---|---|---|---|
| ११ | **विगत तीन बर्षको प्रतिवेदन अनुसार पूँजिगत खर्चको स्थिति** | | | |
| | **प्रतिवेदन** | **पूँजिगत बजेट विनियोजन** | **पूँजिगत खर्च** | **खर्च प्रतिशत** |
| | ५३ औं (आ.ब.२०७१/७२) | रु.१ खर्ब १६ अर्ब ७५ करोड | रु.८८ अर्ब ८४ करोड | ७६.०९% |
| | ५४ औं (आ.ब.२०७२/७३) | रु.२ खर्ब ८ अर्ब ८८ करोड | रु.१ खर्ब २३ अर्ब २५ करोड | ५९% |
| | ५५ औं (आ.ब.२०७३/७४) | रु.३ खर्ब ११ अर्ब ९४ करोड | रु.२ खर्ब ८ अर्ब ७५ करोड | ६६.९२% |

| | | | | |
|---|---|---|---|---|
| १२ | **विगत तीन बर्षको प्रतिवेदन अनुसार राजस्व संकलन स्थिति** | | | |
| | **प्रतिवेदन** | **राजस्व संकलन अनुमान** | **राजस्व संकलन** | **राजस्व संकलन %** |
| | ५३ औं (आ.ब.२०७१/७२) | रु.४ खर्ब २४ अर्ब ७५ करोड | रु.४ खर्ब १३ अर्ब ९३ करोड | ९७.४५ % |
| | ५४ औं (आ.ब.२०७२/७३) | रु.५ खर्ब १ अर्ब ९६ करोड | रु.४ खर्ब ९८ अर्ब ९२ करोड | ९९.३९ % |
| | ५५ औं (आ.ब.२०७३/७४) | रु.५ खर्ब ७५ अर्ब ८९ करोड | रु.६ खर्ब १५ अर्ब ४७ करोड | १०६.८७ % |

| | | |
|---|---|---|
| १३ | **निवृतिभरण दायित्व** | रु.३७ अर्ब १० करोड |

| | | |
|---|---|---|
| १४ | **प्रति व्यक्ति ऋण दायित्व** | रु.२४ हजार २७६.७५ |
| १५ | **शोधभर्ना लिन बाँकी** | रु.४२ अर्ब ९५ करोड ९५ लाख |
| १६ | **५५ औं प्रतिवेदन अनुसार सार्वजनिक कोषको अवस्था** | |
| | सञ्चित कोष मौज्दात | रु.७१ अर्ब २६ करोड ऋणात्मक |
| | केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण | रु.८ अर्ब ६५ करोड फरक परेको |
| | वैदशिक अनुदान (प्रत्यक्ष अनुदान र वस्तुगत सहायता बाहेक) | रु.१७ अर्ब ४५ करोड ५५ लाख हिसाब भिडान नभएको |
| १७ | **मूल्य अभिवृद्धि करको अन्तर** | रु.१ खर्ब ३२ अर्ब २३ करोड *(यस्तो रकम आ.व.२०५४/५५मा १३ अर्ब ६९ करोड रहेको)* |
| १८ | **राजस्व छुट** | |
| | संस्थालाई वस्तु तथा सेवा पैठारीमा राजस्व छुट | रु.५३ अर्ब ७ करोड ६५ लाख |
| | घीउ, तेल र मोबाईल निर्यातमा राजस्व छुट | रु.६ अर्ब १२ करोड ५५ लाख |
| १९ | **सञ्चित कोष बाहेकका अन्य कोषहरु (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी कल्याण कोष, सामाजिक सुरक्षा कोष लगायत अन्य कार्यसञ्चालन कोषहरु)** | |
| | आ.ब. २०७२/७३ को जिम्मेवारी | रु.६७ अर्ब ७२ करोड ७४ लाख |
| | आ.ब. २०७३/७४ को आम्दानी | रु.१ खर्ब ८९ अर्ब ६४ करोड ८० लाख |
| | आ.ब. २०७३/७४ को खर्च | रु.१ खर्ब ६४ अर्ब ५५ करोड ४८ लाख |
| | बाँकी मौँज्दात | रु.९२ अर्ब ८२ करोड ६ लाख |

**२० स्थानीय तहको लेखापरीक्षण र बेरुजू स्थिति** **(रु.करोडमा)**

| प्रदेश नम्बर | स्थानीय तह संख्या | लेखापरीक्षण अंक | बेरुजू | बेरुजु वर्गिकरण | | | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | असुल गर्नुपर्ने | अनियमित | पेश्की बाँकी | |
| प्रदेश नं.१ | १३७ | ३८९३ | २२१ | १५ | १३७ | ६८ | ५.६७ |
| प्रदेश नं.२ | १२१ | २६५९ | ३५३ | १६ | १६१ | १७७ | १३.२७ |
| प्रदेश नं.३ | ११९ | ४०५० | ४५३ | १७ | ३०३ | १३३ | ११.१९ |
| प्रदेश नं.४ | ८५ | १७६४ | ८९ | ८ | ४१ | ४० | ५.०४ |
| प्रदेश नं.५ | १०९ | २८२९ | १९३ | ७ | ४० | १४५ | ६.८१ |
| प्रदेश नं.६ | ७९ | १११४ | ५३ | ३ | ३२ | १९ | ४.७४ |
| प्रदेश नं.७ | ८८ | १७२२ | ६३ | ४ | ३३ | २६ | ३.६८ |
| **जम्मा** | ७३८ | १८०३१ | १४२५ | ७० | ७४७ | ६०८ | ७.९० |

| | | |
|---|---|---|
| २१ | **वित्तीय व्यवस्थापनमा सुधारका क्षेत्रहरू** | |
| | बजेट तथा खर्च व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन प्रणाली |
| | विकास निर्माण तथा आयोजना व्यवस्थापन | आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण |
| | सार्वजनिक खरिद व्यवस्थापन | स्थानीय तहको वित्तीय व्यवस्थापन |
| | राजस्व प्रशासनमा सुधार | सूचना प्रवाह एवं समन्वय |
| | सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण | जिम्मेवारी र जवाफदेहिता |
| | सार्वजनिक सेवा प्रवाह | अन्तिम लेखापरीक्षणको सबलीकरण |
| | संगठित संस्था तथा समितिहरुको लेखापरीक्षण | वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुन |

# नेपालको सन्दर्भमा सार्वजनिक जवाफदेहिताको स्थिति

## बजेट अनुशासन

- एकमुष्ठ रकम अर्थ विविधमा राखी खर्च गरेको,
- सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको र लेखापरीक्षण नगराएको,
- कानुननमा नभएको स्रोत सुनिश्चितता दिएको,
- वर्षान्तमा कोष, समिति, संगठित संस्थामा ट्रान्सफर गरेको रकम बचत रहेको,
- बहुवर्षिय ठेक्का गरी ठूलो दायित्व सिर्जना गरेको,
- कानुन प्रतिकूल रकमान्तर गरेको र बजेटभन्दा बढी खर्च गरेको,
- पुँजीगत खर्च अपेक्षित रुपमा नबढेको,
- अनुदानको अनुगमन कमजोर रहेको ।

## सार्वजनिक खरिद व्यवस्थापन

- सार्वजनिक खरिद व्यवस्थापन
- समयमा ठेक्का व्यवस्था नभएको,
- ठेक्काको काम म्यादभित्र सम्पन्न नगरी म्याद थप गर्दै गएको,
- पूर्वनिर्धारित क्षतिपूर्ति असुल नभएको
- म्यादभित्र कार्य सम्पन्न नगर्नेलाई कारबाही नभएको,
- विद्युतिय खरिद पुर्ण रुपमा लागु नभएको,
- भेरिएसनबाट काम थप गरेको,
- डिजाईन/लागत अनुमान यथार्थपरक नभएको,
- नपाउने मूल्यवृद्धि भुक्तानी दिएको,
- प्रतिस्पर्धा न्यून गर्न अस्वभाविक प्याकेज बनाई ठेक्का लगाएको ।

## आयोजना व्यवस्थापन

- आयोजना पुर्वतयारीको गृहकार्य नगरेको,
- आयोजनाको प्राथमिकिकरण नगरेको,
- टुक्रे आयोजना सञ्चालन गरेको,
- पर्याप्त बजेट बेगर आयोजना अधुरो रहेको,
- आयोजना सञ्चालनमा समन्वय नभएकोले लक्ष्यअनुसार प्रगति नभएको,
- राष्ट्रिय गौरवका आयोजनाहरु योजनावद्ध तवरले सञ्चालन नभएको,
- वैदेशिक सहायताको न्यून उपयोग भएको,
- आयोजनाको समय र लागत वृद्धि भएको ।

## जिम्मेवारी र जवाफदेहिता

- लेखापरीक्षण र बेरुजू फछ्र्यौट नगराउँदा कुनै कारबाही नभएको,
- सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन तथा अनुगमन नभएको,
- कार्यक्रम सञ्चालनमा जबाफदेही बनाउन नसकेको,
- सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता पालना नभएको,
- कार्यसम्पादन सम्झौता कार्यान्वयन नभएको,
- बेरुजू उपर कारबाही गरी असुल फछ्र्यौट नगरेको,
- सम्पत्तिको संरक्षण र उपयोग प्रभावकारी नभएको ।
- पुँजीगत खर्च अपेक्षित रुपमा नबढेको,
- अनुदानको अनुगमन कमजोर रहेको ।

## आन्तरिक नियन्त्रण, कारोबारको यथार्थता

- नियन्त्रण प्रणाली सबल नभएको, जिम्मेवार व्यक्तिबाट अनुगमन निरीक्षण नभएको,
- आन्तरिक लेखापरीक्षण विश्वसनीय नभएको,
- सञ्चितकोषको लेखा र एकल खाता कोषले सबै कारोबार नसमेटेको,
- नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन नगरेको,
- कम्प्युटरमा आधारीत लेखाप्रणाली लागु भैनसकेको,
- उद्देश्य अनुरुप कोष सञ्चालन नभई ठूलो रकम मौज्दात रहेको ।

## राजस्व प्रशासन

- करोडौंको कारोबार गरे पनि करको दायरामा नआएको,
- यथार्थ कारोबार नदेखाएबाट घटी कर असुल भएको,
- असम्बन्धित खर्च दाबी गरी न्यून कर असुल भएको तथा कर परिपालना कमजोर रहेको,
- मूल्य अभिवृद्धि कर क्रेडिट बढेको,
- फरक भन्सार दरबन्दी लगाएबाट कम महसुल उठेको,
- भन्सार तथा बजारमा न्यून बिजकीकरणको नियन्त्रण नभएको,
- राजस्व छुट र बक्यौता बढ्दै गएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- नि:शुल्क सञ्चालक सापटी दिएको ।

## संस्थान सञ्चालन

- अधिकाश संगठित संस्था नोक्सानीमा रहेको,
- शेयर तथा ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अनुत्पादक खर्च नियन्त्रण नभएको,
- स्रोत बेगर असीमित दायित्व व्यवस्था गरेको,
- समयमा लेखापरीक्षण नगराउने एवं प्रतिवेदन उपर प्रतिक्रिया नदिएको,
- निष्क्रिय संस्थामा प्रशासनिक खर्चको लागि ऋण लगानी गरेको,
- सम्पत्तिको अभिलेख तथा संरक्षण गर्न नसकेको,

## सेवा प्रवाह व्यवस्थापन

- सरकारी सेवा प्रवाह कमजोर भएको,
- कतिपय निकायमा जनशक्तिको पदपूर्ति नभएको,
- उपकरणहरु प्रयोगमा नआएको,
- प्रदुषित वातावरणबाट जनस्वास्थ्यमा असर परेको,
- इ-टोकन प्रणाली लागु नभएको, मध्यस्त मार्फत सेवा लिनु परेको,
- सार्वजनिक सुनुवाई प्रभावकारी नभएको,
- गुनासो सुनुवाई प्रभावकारी नभएको,
- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न नसकिएको
- समय, लागतको बिश्लेषण नगरेको
- स्थानीय तहमा जनशक्ति पर्याप्त नभएको ।

स्रोत : महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन

# इन्टरनेशनल इन्टिग्रिटी सेमिनारमा सहभागी



कार्यक्रममा सहभागी विभिन्न सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरु

प्रत्येक वर्ष संचालन हुने International Integrity Seminar २०१८ मार्च ५ देखि ९ सम्म हंगेरीमा सम्पन्न भएको छ । Asian Organization of Supreme Audit Institutions (ASOSAI), African Organization of Supreme Audit Institutions(AFROSAI) र केरोसाई लगायत २५ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका ४० जनाको प्रतिनिधिको सहभागिता रहेको उक्त कार्यक्रममा नेपालको तर्फबाट नायव-महालेखापरीक्षक श्री राममायां कुंवरले प्रतिनिधित्व गर्नुभएको थियो ।

उक्त कार्यक्रममा लेखापरीक्षणमा संलग्न हुने कर्मचारीले इमान्दारिता, वस्तुनिष्ठता, पेशागत सक्षमता, र पालना गर्नुपर्ने आचारसंहिता, सुशासन प्रवर्द्धन, भ्रष्ट्राचार न्यूनिकरण तथा सोमा सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिका लगायतका विषयमा छलफल भएको थियो । त्यसैगरी उल्लेखित क्षेत्रमा अन्य सर्वोच्च लेखापरीक्षण संस्थाबाट भएका कार्य तथा सो विषयमा भएका असल अभ्यास बारे समेत सहभागीहरु बीच छलफल भएको थियो ।

सोही अवसरमा हंगेरीको नेशनल अडिट अफिसद्वारा भ्रष्ट्राचार र अनियमित कार्य नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न सन् २०१३ देखि प्रयोग तथा संचालन गर्दै आएको Integrity Project को सञ्चालनका विषयमा छलफल भएको थियो । मित्र राष्ट्र हंगेरीको नेतृत्वमा सञ्चालन भएको यस कार्यक्रम हालसम्म ईन्टोसाईका २० मुलुकहरुले कार्यान्वयनमा ल्याएका छन् ।

## लेखापरीक्षक



✍ त्रिलोचन आचार्य
नायव-महालेखापरीक्षक

विलाउँनै नहुने लिएर आवाज खबरदारी गर्नेहरू
प्राप्ति र भुक्तानीको तलाउमा पौडिँदै पहरेदारी गर्नेहरू
सेवा सुविधा र कार्यक्रमको जिम्मेवारी र उत्तरदायित्व -
प्रभावकारी काम भए नभएको रखबारी गर्नेहरू ।

हरियो कलम बोकेर परीक्षणरुपी जहाज उडाउँनेहरू
रात दिन नभनेर प्रतिवेदनको गाडी गुडाउँनेहरू
घर छोडेर गाउँ पाखा कुना काप्चा धाउँदै धाउँदै -
आर्थिक अनुशासन आशामा बेथितिको बन्धन चुडाउँनेहरू ।

काम सकेर थन्क्याएका पोकाहरूको अपरेशनमा खटिनेहरू
पुरिएका आँकडाको पुनरुत्थान र पुनर्लेखनमा रटिनेहरू
ढिलै भए पनि तेस्रो पक्षीय मूल्यांकनको रथ हाँकेर -
वित्तीय अवस्थाको राय परामर्शमा समेटिनेहरू ।

# नर्वेको महालेखापरीक्षकको कार्यालय

दामोदर पुडासैनी, किशोर
नायव-महालेखापरीक्षक

## १. पृष्ठभूमि

चुस्त रुपमा कार्य सम्पादन गर्ने विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरु मध्ये नर्वेको महालेखापरीक्षकको कार्यालयको नाम अग्रपङ्तीमा आउँछ । नर्वेको सम्बृद्धि र विकासमा महालेखापरीक्षकको कार्यालयको कार्यशैली र महालेखापरीक्षकको प्रतिवेदनको अहम् स्थान छ भन्ने जनमत रहेको छ ।

नर्वेली भाषामा नर्वेको महालेखापरीक्षकको कार्यालयलाई रिक्सरेविसोनन् (Riksrevisjonen) भनिन्छ । नर्वेका महालेखापरीक्षकले संसदीय निर्णय र संवैधानिक प्रावधान अनुसार समुदायको सम्पत्ति र स्रोतहरु (Community's resources and Assets ) सही ढङ्गले प्रयोग गरे नगरेको जाँच गर्ने र प्रतिवेदन गर्ने गर्दछ। लेखापरीक्षणको माध्यमबाट पुनरावलोकन (Monitoring) र मार्गदर्शन ( Guidance) गर्ने कार्य पनि नर्वेको सर्वोच्च लेखापरीक्षण संस्थाले गर्दछ । सार्वजनिक स्रोतहरुको सार्थक सदुपयोग गर्नमा नर्वेको महालेखापरीक्षकको ध्यान केन्द्रित भएको देखिन्छ । सरकारी प्रशासनमा रिक्सरेविसोनन्को स्वतन्त्र संवैधानिक अस्तित्व छ । महालेखापरीक्षकले लेखापरीक्षण र संपरीक्षण क्रियाकलापको प्रतिवेदन नर्वेली संसद (Norwegian Parliament) मा गर्दछन् ।

## २. लेखापरीक्षण प्रकार (Types of Audit)

नर्वेको महालेखापरीक्षकले प्रमुख रुपमा तीन किसिमको लेखापरीक्षण सम्पादन गर्दछ । जसमा वित्तीय लेखापरीक्षण (Financial Audit), कार्यमूलक लेखापरीक्षण (Performance Audit) र निगमन नियन्त्रण (Corporate Control) रहेका छन् । नर्वेको महालेखापरीक्षकले वर्तमान समयमा कार्यमूलक लेखापरीक्षणलाई प्रमुख महत्वका साथ कार्य सम्पादन गरिरहेको छ । बर्ष भरिमा गरिने लेखापरीक्षण कार्य मध्ये र देशको कुल आर्थिक कारोबारको ६० प्रतिशत भन्दा बढी हिस्सा कार्यमूलक लेखापरीक्षणले समेटने गरेको छ ।

कार्यमूलक लेखापरीक्षणको माध्यमबाट रिक्सरेविसयोनेन्ले राष्ट्रको लागि केही मूल्य अभिवृद्धि गर्न सकेकोमा महालेखापरीक्षक र कर्मचारीहरु गर्वको महसुस गर्दछन्। कार्यमूलक लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षक (Performance Auditor) गर्व गर्नपर्ने परिस्थिति नर्वेमा रहेको छ ।

## ४. इतिहास (History)

सन् १८१४ मा नर्वेको संविधान जारी हुंदा पांच लेखापरीक्षक संसदले नियुक्त गरेको थियो । त्यसैअनुसार सन् १८१६ मा पहिलो महालेखापरीक्षक नियुक्त गरियो। त्यसवेलाको महालेखापरीक्षक कार्यालयलाई राज्यको महालेखापरीक्षण संस्था (Statsrevisjonen) भनिन्थ्यो । पछि सन् १८२२ मा त्यो नाम परिवर्तन गरियो र लेखापरीक्षण मंन्त्रालय गठन गरियो, जसलाई रेभियोन्सडिपार्टमेण्ट (Revisionsdepartmentet) भनिन्थ्यो । सन् १९१८ मा उल्लिखित व्यवस्थालाई परिवर्तन गरियो। लेखापरीक्षण मन्त्रालयलाई विघटन गरीयो र लेखापरीक्षण गर्ने छुट्टै निकायको रुपमा खडा गरियो । यो स्वतन्त्र संवैधानिक महत्व बोकेर उदाएको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा खडा भयो । यसैलाई रिक्सरेविसोनन् (Riksrevisionjonen) भन्न थालियो । सन् १९६२ मा नर्वेली राज्य रेलवे, टेलिग्राफ सेवा र हुलाक सेवाको लेखापरीक्षण कार्य लगायत सार्वजनिक सवै किसिमको लेखापरीक्षण रिक्सरेवि नोनन्ले नै गर्ने व्यवस्था मिलाइयो, जुन हालसम्म पनि कायम छ । सन् १८१६ मा नियुक्त मार्कुस एस.लेङ (Marcus S.Lyng)नामका विद्वान नर्वेका प्रथम महालेखापरीक्षक थिए । अहिलेसम्म १९ जना महालेखा परीक्षकले नर्वेको सर्वोच्च लेखापरीक्षण संस्थाको नेतृत्व गरिसकेका छन् । सन् २०१४ मा नियुक्त पेर-क्रिष्टियन फोस (Per-kristian Foss) नर्वेका वर्तमान महालेखापरीक्षक हुन् । जुन १, २००५ मा जारी भएको महालेखापरीक्षक ऐन, २००५ को अधिनमा रही महालेखा परीक्षकको कार्यालयको कार्य संचालन हुने गरेको छ ।

## ५. रिक्सरेविसोनन् केही महत्वपूर्ण तथ्य:-

नर्वेको महालेखापरीक्षक बोर्ड प्रणालीमा सञ्चालित छ । एकसाथ पाँच महालेखापरीक्षक चुनिन्छन् । तिनीहरुको परीक्षकमध्ये एक अध्यक्षको रुपमा चुनिन्छन् । उनी नै प्रमुख महालेखापरीक्षकको रुपमा रहन्छन् । महालेखापरीक्षकलाई नर्वेलीहरु जोरगेनकोस्मो (Jorgen Kosmo) भन्दछन्। बोर्डका ती पाँचै महालेखापरीक्षकको पदावधी पाँच बर्षको हुन्छ ।

सन् २०१६ डिसेम्बर ३१ को आँकडा अनुसार नर्वेको महालेखापरीक्षक कार्यालयमा केवल ४६६ जना कर्मचारी कार्यरत छन् । त्यसमध्ये ४३५ जना मात्र पूर्णकालीन कर्मचारी छन् । त्यसमध्ये ३५० जना मात्र लेखापरीक्षकहरु कार्यरत छन् ।

लेखापरीक्षकहरु व्यवस्थापन, कानून, अर्थशास्त्र, तथ्याङ्कशास्त्र, सामाजिक शास्त्र, बिज्ञान जस्ता बिबिध संकायबाट नियुक्त गरिन्छ ।

नर्वेको महालेखापरीक्षक कार्यालय स्टोरगाटा १६, ओस्लो (Storgata 16, also) मा रहेको छ । त्यस बाहेक देशका अन्य ११ स्थानमा पनि महालेखापरीक्षको कार्यालय छ । उच्च तहका कर्मचारीहरु केन्द्रीय कार्यालयमै रहन्छन् । एघार कार्यालयहरुमा लेखापरीक्षकहरु मात्र रहन्छन् ।

नर्वेको महालेखापरीक्षक कार्यालयले प्रत्येक कार्यालयको स्थलगत लेखापरीक्षण गर्दैन । लेखापरीक्षणको दायरामा परेका निकायहरुको हरेक आर्थिक कारोबारहरुमा महालेखापरीक्षकको

विद्युतीय पहुँच हुन्छ। सत्यापनका लागि आवश्यक प्रमाण तुरुन्तै माग्ने पनि अधिकार छ। लेखापरीक्षकले तोकिएका कार्यालयको आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट नै गरिरहेका हुन्छ । स्थलगत निरीक्षण वा स्थलगत परीक्षण गर्नु पऱ्यो भने बढीमा सात दिनसम्म लेखा परीक्षकले लेखापरीक्षण गर्ने निकायको भ्रमण गर्न सक्तछ।

### ६. कार्यमूलक लेखापरीक्षणमा जोड

नर्वेली महालेखा परीक्षक कार्यालयले बिगत केही बर्षदेखि वित्तीय लेखा परीक्षणलाई कम महत्व दिदैं आएको छ। कार्यमूलक लेखापरीक्षणमा स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने सन्दर्भ सबै वा कुनै दुई वा एक पक्षको मूल्याङ्कन गरी सोबाट प्राप्त नतिजाको आधारमा सुझाव सहितको प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनले सार्वजनिक सम्पत्तीको अभिवृद्धि र कार्यशैलीमा सुधार ल्याउन मूल्याङ्कनगरी सो बाट प्राप्त नतिजाको आधारमा सुझाव सहितको प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनले सार्वजनिक सम्पत्तीको अभिवृद्धि र कार्यशैलीमा सुधार ल्याउन मद्दत गर्ने हुँदा कार्यमूलक लेखापरीक्षणलाई विशेष महत्व दिन थालिएको छ। स्रोत साधनको उपयोग तथा उद्देश्य प्राप्तिमा केन्द्रित रही पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न सधाउ पुऱ्याउने भएकोले कार्यमूलक लेखापरीक्षण गर्न नर्वेली संसद, सर्वसाधारण र सञ्चार माध्यमहरुले पनि विशेष जोड दिएको देखिन्छ। केही बर्षयता वित्तीय लेखापरीक्षण आन्तरिक लेखारीक्षणबाट सम्पन्न गर्ने र सर्वोच्च लेखापरीक्षण संस्थाको ध्यान भने कार्यमूलक लेखापरीक्षणमा केन्द्रित हुनुपर्नेमा जोड दिइन थालिएको छ।

### ७. नेपालले अनुशरण गर्न सक्ने व्यहोरा

थोरै जनशक्तिबाट पनि राष्ट्र भरको ठूलो कारोबार र सबै सार्वजनिक निकायहरुको लेखापरीक्षण महालेखापरीक्षक कार्यालयले सम्पन्न गर्न सक्तछ भन्ने उदाहरण नर्वेले प्रस्तुत गरेको छ । लेखापरीक्षणको लागि महिनौं सम्म जिल्लागत रुपमा लेखापरीक्षण टोली खटाउन नपर्ने र महालेखापरीक्षकको कार्यालयमै बसेर दूरदराजको लेखापरीक्षण सपन्न गर्न सकिने उदाहरण पनि नर्वेबाट सिक्न सकिन्छ।

कार्यमूलक लेखापरीक्षणको विषय हचुवा भरमा नछानी मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता मापन गर्न सकिने विषय मात्र छनौट गरि विषयगत जोखिम र समस्या पहिचान गरेर मात्र प्रतिवेदन तयार गर्ने कुरा पेशागत रुपमा हुनुपर्दछ भन्ने सिक्न सकिन्छ।

कार्यमूलक लेखापरीक्षणका हरेक प्रतिवेदनहरु महालेखापरीक्षले छुट्टा छुट्टै समयमा संसदमा पेश गर्ने परिपाटी नर्वेमा छ। नेपालले पनि सो व्यवस्था अवलम्वन गर्न सकेमा लेखापरीक्षणको प्रभाव वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ।

## नर्वेको महालेखापरीक्षकको कार्यालयको निमन्त्रणामा नर्वे भ्रमण

नर्वेको महालेखापरीक्षक कार्यालयले सन् २०१८ मार्च १३ देखि १६ सम्म नर्वेको राजधानी ओस्लोमा आयोजना गरेको "स्वास्थ्य क्षेत्रको प्रभावकारिता" विषयक कार्यमूलक लेखापरीक्षण सम्बन्धी कार्यक्रममा नायव महालेखापरीक्षक दामोदर पुडासैनी सहितको टोलीले भाग लिएको छ । कार्यक्रममा कार्यमूलक लेखापरीक्षणको बिषय छनौट, योजना निर्माण, प्रमाण संकलन, विश्लेषण र प्रतिवेदन लगायतका विषयमा छलफल भएको थियो।

उक्त अवसरमा नेपालको टोलीले नर्वेका महालेखापरीक्षक पेर क्रिस्टियन फोस, सो कार्यालयका सचिव इएन्स गुन्भल्डसेन लगायतका पदाधिकारीहरुसँग भेट गरेको थियो। उक्त भेटका क्रममा माननीय महालेखापरीक्षक टंकमणि शर्मा, दङ्गालले पठाउनु भएको शुभकामना सन्देश नर्वेका महालेखापरीक्षकलाई हस्तान्तरण गरिएको थियो। त्यस क्रममा नर्वेका महालेखापरीक्षकले नेपालमा सार्वजनिक लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न नयाँ नेतृत्व सफल हुने विश्वास व्यक्त गर्नुभयो।





भ्रमणका क्रममा नर्वेका महालेखापरीक्षक सहितका पधादिकारीहरू

# Evidence



निर्देशक रमेश ढकाल

Oral भन्दा Written राम्रो, प्रमाणको खोजी ।
Sufficient प्रमाण लिई, तर्कतानै सोधी ॥
हुनुपर्छ सधैं फाइल, Appropriate को ।
खोज्नुपर्छ असल प्रमाण, सवाल प्रश्नको ॥

प्रमाण भए टिक्छ राय, लेखा कागजको ।
Cross reference गर्नुपर्छ, राय प्रमाणको ॥
Level सधैं जाँच्नुपर्छ, दृढोक्तिको सुरो ।
प्रमाण सबै लिनुपर्छ, बेरुजूको चुरो ॥

Relevance हुनुपर्छ, Subject Matter को ।
Reliable हुनुपर्छ, राय खुलासाको ॥
प्रमाण लिन सधैं जसो, Assertion को Process ।
Independent भन्दा राम्रो, Internal Sources ॥

Record Minute Meeting पनि, हुन सक्छन् स्रोत ।
तेस्रो पक्ष प्रमाण राम्रो, ISSAI 15 Hundred ॥
Audit Techniques हाम्रो साथी, प्रमाण Observation ।
Mathmatical Accurancy, Control Execution ॥

Assertion Leval माथि, गति नाप्ने Motion ।
Inspection र Examine, पक्ष Confirmation ॥
Recalculate Performance, Process inquiry को ।
Inpection र Analyze, Matter जोखिमको ॥

## सम्पादकीय .........

समग्र शासकीय व्यवस्थामा सुधारको अवस्थालाई दिशानिर्देश गर्दछ । त्यसैले महालेखापरीक्षकको प्रतिवेदन कार्यान्वयनमा सम्बन्धित निकायले गम्भिरतापूर्वक ध्यान दिनुपर्दछ भने सार्वजनिक लेखा समिति तथा महालेखापरीक्षकको कार्यालयले पनि प्रतिवेदन कार्यान्वयन अवस्थाको निरन्तर मूल्यांकन र समीक्षा गर्नुपर्दछ ।

यस वर्षको लेखापरीक्षणका क्रममा कार्यालयको लेखापरीक्षण दायरामा रहेका प्रत्येक निकायको जोखिम स्थितिको मूल्यांकन र परीक्षण गरिएको छ । यसबाट प्राप्त नतिजा आगामी वर्षको लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणको नतिजालाई गुणस्तरीय र विश्वसनीय बनाउन उपयुक्त लेखापरीक्षण विधिको चयन गर्न सहयोग पुग्ने देखिन्छ । अत: यस वर्षको लेखापरीक्षणबाट प्राप्त नतिजाहरुको पर्याप्त विश्लेषण र असर मूल्यांकन गरी आगामी लेखापरीक्षणको लागि बार्षिक, समष्टिगत र इकाइगत लेखापरीक्षण योजना निर्माणमा ध्यान दिनुपर्ने देखिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उपयुक्त लेखापरीक्षण योजना तयार गरी सोको कार्यान्वयन हुन आवश्यक छ ।

यसका लागि आगामी प्रतिवेदनमा समावेश हुने सम्भावित मुख्य विषयहरु लेखापरीक्षण अगावै पहिचान गर्ने तथा विगतका लेखापरीक्षणबाट प्राप्त नतिजा, प्रतिवेदन कार्यान्वयनको अवस्था, जोखिमको स्तर पहिचान र मापन गरी प्रत्येक निकायको जोखिमको स्थिति अद्यावधिक गर्नुपर्दछ । साथै पहिचान भएका विषय र अधिक जोखिम भएका क्षेत्रलाई समेटी आवश्यक तथ्यांक, विवरण र प्रमाणमा आधारित भई प्रत्येक महानिर्देशनालय/निर्देशनालयले निकायगत लेखापरीक्षण योजना तयार गरी सोको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## माननीय महालेखा परीक्षकज्यूको .............

यी तीनै तहबाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक खर्च हुने हुँदा खर्च व्यवस्थापनको लागि स्रोतको ठूलो अन्तर हुने देखिएको छ । सरकारी क्षेत्रबाट गर्नुपर्ने अत्यावश्यक क्रियाकलापमा मात्र उपलब्ध सरकारी स्रोत साधन मितव्ययी र दक्षतापूर्वक परिचालन गरी अन्य सेवा तथा कार्यमा निजी क्षेत्र लगायतका बाहय स्रोतको परिचालन गर्न सकिएमा मात्र यस्तो अन्तर पूर्ति गर्न सकिने देखिन्छ ।

अन्तमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने व्यवस्थापिका-संसद, संवैधानिक निकाय, नेपाल सरकारका सबै निकाय, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिक लगायत सबैप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनुहुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

# भावपूर्ण श्रद्धाञ्जली
## एवं
## हार्दिक समवेदना



जन्मः
वि.सं. १९८६
असार २८

स्वर्गारोहणः
वि.सं. २०७४
चैत्र १३

## स्व. पदमबहादुर विष्ट

यस कार्यालयका नायव-महालेखापरीक्षक श्री विन्दु विष्टका पूजनीय पिता स्व. पदमबहादुर विष्टको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं र यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्रार्थना गर्दछौ ।

**महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल)**
**तथा**
**महालेखापरीक्षकको कार्यालय परिवार**

# कार्यमूलक लेखापरीक्षण तालिममा सहभागिता

पकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्था Department of Auditor-General of Pakisthan ले आयोजना गरेको International Intensive Training Program in Performance Auditing (100th - ITP) विषयक तालिम कार्यक्रम २०१८ फेब्रुअरी १२ देखि मार्च ९ सम्म पाकिस्तानको लाहोरमा सम्पन्न भयो । तालिममा नेपाल, भियतनाम, र पाकिस्तानका गरी जम्मा ११ जनाको सहभागिता रहेको थियो । उक्त तालिममा कार्यालयको तर्फबाट निर्देशक श्री ध्रुवराज भुसाल र लेखापरीक्षण अधिकारी श्री तोयानारायण पौडेलले सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रममा कार्यमूलक लेखापरीक्षणको सम्बन्धमा अवलम्बन भएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यास, सान्दर्भिकता, महत्व तथा यसको विविध प्रक्रिया सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको आदान प्रदान गरिएको थियो ।

## कार्यालयबाट २०७४ चैत्र महिनामा बढुवा भएका कर्मचारीहरु

| सि.नं. | साविकको पद | हालको पद | कर्मचारीको नाम | बढुवा मिति |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री रामचन्द्र पौडेल | २०७४/१२/१९ |
| २ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री रमेश नेपाल | २०७४/१२/१९ |
| ३ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री दुर्गाबहादुर बस्नेत | २०७४/१२/१९ |
| ४ | लेखापरीक्षण निरीक्षक | लेखापरीक्षण अधीक्षक | श्री विनोद कुमार बुढाथोकी | २०७४/१२/२७ |
| ५ | लेखापरीक्षण निरीक्षक | लेखापरीक्षण अधीक्षक | श्री लिलानाथ तिमिल्सिना | २०७४/१२/२७ |
| ६ | लेखापरीक्षण निरीक्षक | लेखापरीक्षण अधीक्षक | श्री चिरञ्जिवी रेग्मी | २०७४/१२/२७ |
| ७ | लेखापरीक्षण निरीक्षक | लेखापरीक्षण अधीक्षक | श्री त्रिलोचन संग्रौला | २०७४/१२/२७ |
| ८ | लेखापरीक्षण निरीक्षक | लेखापरीक्षण अधीक्षक | श्री शम्भु कुमार सिंह | २०७४/१२/२७ |

## कार्यालयमा २०७४ चैत्र महिनामा नयाँ नियुक्ति भएका कर्मचारीहरु

| सि.नं. | पद | कर्मचारीको नाम | शुरु नियुक्ति |
|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | श्री कपिल पोखेल | २०७४/१२/०५ |
| २ | लेखारीक्षण निरीक्षक | श्री मन्जुमाया मोक्तान | २०७४/१२/०४ |
| ३ | लेखारीक्षण निरीक्षक | श्री मुकेश शर्मा | २०७४/१२/१२ |
| ४ | लेखारीक्षण निरीक्षक | श्री रंगनाथ देवकोटा | २०७४/१२/१२ |
| ५ | लेखारीक्षण निरीक्षक | श्री चन्द्रकान्त भण्डारी | २०७४/१२/१२ |
| ६ | लेखारीक्षण निरीक्षक | श्री सुमन श्रेष्ठ | २०७४/१२/१२ |
| ७ | लेखारीक्षण निरीक्षक | श्री राजिवकुमार यादव | २०७४/१२/१२ |
| ८ | लेखारीक्षण निरीक्षक | श्री सुलोचना पाण्डे | २०७४/१२/१२ |